बागमती गाउँपालिका

བཱག་མ་ཏི་ གཱཨུ་པཱལི་ཀཱ་

बागमती गाउँपालिकाको विनियोजन ऐन २०८३

विनियोजन विधेयक, २०८३

वागमती गाउँपालिकाको लागि आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : वागमती गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वागमती गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस विधेयकको नाम " वागमती गाउँपालिकाको विनियोजन विधेयक, २०८३" रहेको छ ।

(२) यो विधेयक राजपत्रमा प्रकाशित हुनासाथ प्रारम्भ हुनेछ .

२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ६३,४९,५६,३९४।-(अक्षेरुपी त्रिसट्ठी करोड उन्नचास लाख छपन्न हजार तीन सय चौरानब्बे मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त वागमती गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि -१

दफा २ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट बिनियोजन हुने रकम

रु. ६३,४९,५६,३९४।-

क्र.सं.	अनुदान संख्या	चालु खर्च	पूँजिगत खर्च	वितिय व्यवस्था	जम्मा
१	२	३	४	५	६
१	गाउँपालिका				५०८५६६३९४।-
२	वडा समिति				२८००००००
३	विषयगत शाखा				३७००००००
४	ऋणको सावा ब्याज भूक्तान	०	०	०	०
५	लगानी शेयर/ऋण	०	०	०	०
६	सामाजिक सुरक्षा	६१३९००००	०	०	६१३९००००
	कूल जम्मा				रु. ६३,४९,५६,३९४।-
	प्रतिशत	६२%	३८%		१००%